# लोक सेवा आयोग

## नेपाल प्रशासन सेवा, राजश्व समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/१/२६

समय: ३ घण्टा पूर्णाङ्क: १००

पत्र: द्वितीय

विषय: सेवा सम्बन्धी

**तलका प्रत्येक प्रश्नको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।**

१. नेपाल भ्रष्टाचार नियन्त्रणको सन्दर्भमा बलियो संवैधानिक, कानूनी, संस्थागत तथा कार्यविधिगत व्यवस्था भएको मुलुकमा पर्दछ। हरेक प्रशासन सुधार योजना, नीति, एवम् खर्च व्यवस्थापनसम्बन्धी उच्चस्तरीय आयोगहरूले पनि भ्रष्टाचार नियन्त्रणको विषयलाई प्राथमिकता दिएको पाइन्छ। तथापी सेवा प्रवाह, विकास र नीतिगत तहमा भ्रष्टाचार न्यूनीकरण भएको अनुभूति नागरिकले गरेका छैनन्। भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय संस्थाहरूले पनि नेपालमा भ्रष्टाचार बढ्दै गएको विषय उठाएका छन्। यस परिदृष्यमा यसका प्रमुख कारणहरू उल्लेख गर्दै भ्रष्टाचार नियन्त्रणका लागि थप के-कस्ता कामहरू गर्नुपर्ने देख्नुहुन्छ ? मौलिक र तर्कपूर्ण सुझावहरू प्रस्तुत गर्नुहोस्। ७+८=१५

२. सार्वजनिक-निजी-साझेदारी (Public Private Partnership-PPP) को माध्यमबाट सरकार र निजी क्षेत्रबीच सहकार्य गर्दै ठूला पूर्वाधार आयोजना सञ्चालन गर्न सरकारले नीतिगत तथा कानूनी व्यवस्था गरेर यसको कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखे पनि कार्यान्वयन अपेक्षितरूपमा हुन सकेको छैन। पूर्वाधार विकासको महत्वपूर्ण माध्यमको रूपमा स्थापित PPP को नेपालमा निकै सम्भावना भएको र नीतिगत तथा कानूनीरूपमा विभिन्न सहुलियत र सुविधा दिएको भएतापनि यस कार्यक्रममा निजीक्षेत्र अपेक्षित आकर्षित हुन सकेको छैन। जसको कारण यसको कार्यान्वयन आगामी दिनमा समेत अपेक्षाकृत कमजोर, ढिलो र अनिश्चित देखिन्छ। सरकारले सार्वजनिक-निजी-साझेदारी परियोजना सञ्चालनको केन्द्रविन्दु कानूनी रूपमै लगानी बोर्डलाई तोकि यसै अन्तर्गत ठूला पूर्वाधार आयोजना सञ्चालन गर्न २०७५ सालमा सार्वजनिक-निजी-साझेदारी र लगानी सम्बन्धी ऐन सहित PPP मोडेललाई संस्थागतरूपमा अघि बढाउने बलियो कानूनी आधार तयार पारेको छ। त्यस्तै, लगानी बोर्ड र विभिन्न मन्त्रालय अन्तर्गत PPP सेल गठन गरी परियोजनाको पहिचान, अध्ययन, वार्ता तथा कार्यान्वयन प्रक्रियालाई सहज र व्यवस्थित गर्ने प्रयास गरिएको छ। बोर्डमा निजी क्षेत्रको समेत प्रतिनिधित्व गराइएको छ। तर नीतिगत, कानूनी र संस्थागत व्यवस्था प्रयाप्त भए पनि PPP परियोजनाहरू अपेक्षितरूपमा अघि बढ्न सकेका छैनन्।

निजी क्षेत्रबाट नीतिगत स्थिरताको अभाव, जटिल प्रशासनिक प्रक्रिया, समयमा उचित निर्णय नहुने, अन्तरनिकाय समन्वयको अभाव, जग्गा प्राप्ति र मुआब्जा निर्धारण, रुख कटान लगायतका समस्याको कारण आयोजना सञ्चालन गर्न कठिन भएको कुरा बारम्बार उठ्ने गरेको छ। यी र यस्तै कारणले स्वदेशी तथा विदेशी लगानीकर्ता आकर्षित नभएको विषय विभिन्न अध्ययनले समेत देखाएका छन्। खासगरी लगानीको सुरक्षा, सुनिश्चित प्रतिफल, आर्जित मुनाफा सहजरूपमा फिर्ता लान पाउने व्यवस्था, जोखिम बाँडफाँटको स्पष्टता तथा विवाद समाधान प्रणालीमा लगानीकर्ता आश्वस्त नभएसम्म यो मोडेल नेपालमा अपेक्षितरूपमा सफल नहुने देखिन्छ।

यस सन्दर्भमा नेपालमा अपनाइएको सार्वजनिक-निजी-साझेदारीको ठोस समस्या के हो ? पहिचान गर्नुहोस्। सार्वजनिक-निजी-साझेदारी र विदेशी लगानी आकर्षित गर्न हाल कायम रहेका नीतिहरूमा के-कस्तो नीतिगत र कार्यान्वयन तहमा सुधार गर्नुपर्ने देख्नुहुन्छ ? सिफारिस गर्नुहोस्। नेपालमा निजीक्षेत्रको लगानी विस्तार र मुलुकको विकासमा योगदान दिन सक्ने बनाउन गर्नुपर्ने मुलभूत कामहरू के-के छन् ? सुझाब प्रस्तुत गर्नुहोस्। ६+७+७=२०

३. नेपाल सरकारका अर्थमन्त्रीले प्रत्येक आर्थिक वर्षका लागि बजेट प्रस्तुत गर्ने प्रचलन २००८ सालदेखि चलिआएको छ । यस सन्दर्भमा वार्षिक बजेटलाई यर्थाथपरक, कार्यान्वयनयोग्य र जनताको अपेक्षानुरुप तुल्याउने ध्येयले यसलाई आवधिक योजनासँग आबद्ध तुल्याउने गरिएको पाइन्छ । तर, यसबाट अपेक्षित परिणाम नआएपछि त्रिवर्षिय खर्च संरचना निर्माण गरी यसको आधारमा वार्षिक बजेट तयार गर्नुपर्ने कानूनी प्रबन्धसमेत गरिएको छ । यसबाट बजेट अनुमानयोग्य हुने, स्रोतको कुशल परिचालन हुने, सरकारप्रति जनताको विश्वास अभिवृद्धि हुने लगायतका अपेक्षा गरिए पनि अपेक्षित परिणाम आउन सकिरहेको छैन । यी सबै प्रयत्नहरूका बाबजुद वार्षिक बजेटमा खुद्रे योजनाको बाहुल्यता हुने, उच्च राजनैतिक पदाधिकारीहरूले आफूखुसी योजना राख्ने, आम जनतालाई लाभ पुग्ने भन्दा पनि अमुक नेताको प्रभाव बढाउने खालका योजना वितरण हुने प्रवृत्तिबाट नेपालको वार्षिक बजेट माथि उठ्न सकेको छैन । यस परिप्रेक्ष्यमा नेपालको बजेट तर्जुमा, कार्यान्वयन र मूल्याङ्कनमा के-कस्ता समस्याहरू छन् ? तिनको पहिचान गर्दै समस्या समाधानका लागि कार्यान्वयनयोग्य उपायहरू प्रस्तुत गर्नुहोस् । १०+१०=२०

४. नेपाल जस्तो विकासोन्मुख देशको अर्थतन्त्रको विकासमा सुदृढ पूँजीबजार आवश्यक क्षेत्र हो । नेपाली पूँजीबजारको विकास र विस्तारमा केही नीतिगत तथा प्रविधिगत परिवर्तन भएपनि सुधार र आधुनिकीकरणका कामहरू सुस्तगतिमा छन् । पूँजीबजारलाई अर्थतन्त्रको प्रतिबिम्ब मानिए पनि यसको आधारमा समग्र अर्थतन्त्रको अवस्था मूल्याङ्कन गर्न र कूल गार्हस्थ्य उत्पादनसँग तुलना गरेर विश्लेषण गर्न सकिने अवस्था नरहेको मात्र होइन यसको स्थायित्वमा सदैव प्रश्न छ । पूँजीबजारमा वित्तीय क्षेत्रको बाहुल्यताले यसमा विविधता नभएको, बैंक तथा वित्तीय क्षेत्रको आधिपत्य रहेको मात्र होईन कतिपय क्षेत्रहरू सूचिकृत हुन सकेका पनि छैनन् । नेपाली पूँजीबजार सानो भौगोलिक क्षेत्र खासगरी राजधानीमा मात्र सीमित छ । त्यसैले यो बजारको स्थायित्वको लागि धेरै भन्दा धेरै क्षेत्र तथा समूहलाई बजारमा आउन प्रेरित गर्ने नीति ल्याउन र यस क्षेत्रमा अत्याधुनिक प्रविधि भित्र्याउन आवश्यक छ भने बजारमा चलखेल गर्ने तथा अस्वाभाविक उतारचढाव आउने विषयलाई नियन्त्रण गर्न कठोर नियमनको समेत खाँचो छ ।

पूँजीबजारको आकार र आकर्षणमा भएको बृद्धिसँगै यस क्षेत्रमा धेरै नयाँ लगानीकर्ताहरू भित्रिरहेका छन् तर धेरैमा यो बजारसँग सम्बन्धित आवश्यक ज्ञानको अभाव हुँदा थप जोखिम बढेको छ । बजारमा Venture Capital, Equity Fund, Portfolio Manager जस्ता लगानीकर्तालाई प्राविधिक विश्लेषणका आधारमा परामर्श दिने विशिष्टिकृत विज्ञ संस्थाहरूको अभाव छ । पूँजीबजारको अस्वाभाविक उतारचढावले आमलागनीकर्ताको मनोविज्ञानमा ठूलो प्रभाव पार्ने र संभावित जोखिमले पनि बजार अस्थीर हुनपुग्छ । यस्तै बजारको तथ्याङ्कीय प्रशोधन र सूचना संप्रेषणका लागि नवीन प्रविधि ग्रहण गर्ने र राजकीय परिनियन्त्रण तथा नियमनका लागि पर्याप्त नीतिगत संरचनाहरूको व्यवस्था र तिनको प्रभावकारी कार्यान्वयन अपरिहार्य भएको छ ।

पूँजीबजारको क्षेत्रका संस्थाहरूमा कामगर्ने जनशक्तिको विकास र प्रतिस्पर्धात्मकता तर्फ पर्याप्त लगानी गर्न नसकिएको एवम् कारोबारमा संलग्न व्यक्ति तथा संस्थाहरू समेतलाई प्रशिक्षण र अभिमुखीकरण गर्न सकिएको छैन । यस क्षेत्रमा आएका वैश्विक प्रविधि र औजारको स्थानीयकरण एवम् आम नागरिकको विश्वास अभिवृद्धि गर्दै सीमित व्यक्ति तथा समूहको पकड रहने र तिनले बजार नियन्त्रण गर्ने अवस्थाबाट पूँजीबजारलाई बाहिर निकाल्ने चुनौती पनि छ । यस्तै सरकार परिवर्तनसँगै कतिपय नीतिगत विचलनले पार्ने प्रभाव र यसको जोखिमले समग्र अर्थतन्त्र नै प्रभावित हुने तर राज्यसँग जोखिम व्यहोर्ने अन्य उपकरणहरू समेत नभएको अवस्था छ ।

नेपालको पूँजीबजारको अवस्था यस्तो हुनुका मुख्य कारणहरू पहिचान गर्दै यसलाई नेपाली अर्थतन्त्रको एउटा विश्वासयोग्य एवम् जोखिम कम भएको क्षेत्रको रूपमा विकास गर्न के-कस्ता क्षेत्रमा सुधार गर्नुपर्छ, सिफारिस गर्नुहोस् । आफूले गरेका सिफारिस कार्यान्वयनमा लैजान के-कस्ता रणनीति र योजना आवश्यक पर्दछ, उल्लेख गर्दै ती रणनीति र योजना कार्यान्वयनको कार्ययोजनासमेत प्रस्तुत गर्नुहोस् । ७+६+७=२०

५. पटक-पटकको गुनासो र लिखित उजुरीका आधारमा नेपालगञ्ज भन्सार कार्यालयका तत्कालिन कार्यालय प्रमुखलाई अर्थ मन्त्रालयमा काज सरुवा गरिएको छ। मन्त्रालयमा आएपछि उनलाई कुनै काम तोकिएको छैन। उनी पनि कार्यालय समयमा आउँछन्, एकछिन चिनजानका साथीहरूसँग गफ गर्छन् र कताजाउँ, कताजाउँ गर्दै घरतिर फर्कन्छन्। विगत दश दिन देखि उनको दिनचर्या यस्तै छ। अरु समयमा त उनलाई त्यति अप्ठेरो लाग्दैन, जब सँगैका साथीहरूले उनलाई कारवाही स्वरुप मन्त्रालयमा तानेको प्रसंग गर्दछन्, त्यति बेला भने एक किसिमको नमज्जा लागेको अनुभूति गर्छन्। अझ चिनजानकै महाशाखा प्रमुखहरू र मन्त्रालयको बरण्डामा अचानक भेट हुने सचिवज्यूहरूले समेत कहिल्यै नचिनेको/नभेटेको जस्तो गरी वेवास्ता गरेको देख्दा उनलाई आफु माथि नै हिनता महसुस हुने गरेको छ।

हुन पनि उनी कार्यालय प्रमुख हुँदा भन्सार मूल्याङ्कनका स्थापित मान्यतालाई पटक-पटक उल्लंघन गरेको, वस्तु वर्गीकरण यथार्थपरकरूपमा नगरेको, सीमावर्ती क्षेत्रको चोरी पैठारीको विषयमा पूर्व जानकारी हुँदाहुँदै पनि भन्सार गस्ती परिचालन नगरेको, जिल्ला स्थित राजश्व चुहावट नियन्त्रण समितिको लामो समयदेखि बैठक नै नबसेको/नराखेको, कोहलपुर स्थित राजश्व अनुसन्धान कार्यालयले भन्सारबाट छाडिएका मालवस्तुको भन्सार दरबन्दी फरक परेको भनि लेखिएको कैफियतमा कुनै कारवाही गरी सुधार नगरेको, विगतमा कार्यालयबाट भन्सार जफत भई गोदाममा थन्किएका मालवस्तुको लिलामी प्रकृया अगाडि नबढाएको, कार्यालयसँग सम्बन्धित बेरुजु फर्छ्यौट गर्ने कुनै पहल नगरेको भनेर आएका गुनासोलाई समेत लिएर भन्सार विभागका महानिर्देशक, उपमहानिर्देशक, अर्थ मन्त्रालयका राजश्व सचिव र राजश्व व्यवस्थापन महाशाखा प्रमुखहरूले पटक-पटक सचेत गराउँदा पनि ध्यान नदिएकाले आफ्नो सरुवा भएको हो भन्ने उनलाई अहिले महसुस हुँदैछ।

दुईवर्ष अघिदेखि सबै सूचकमा उत्कृष्ट भएको नेपालगञ्ज भन्सार कार्यालय उनी गए पछि सबैभन्दा पछि पर्‍यो। राजश्व संकलन लक्ष्यको आधा पनि हुन सकेन। लिलाम गर्नुपर्ने सामान त्यसै कुहिएर अलपत्र छन्। भन्सार यार्डमा नै भन्सार एजेन्टहरू मालवस्तुको मौखिक छिनोफानो गरिरहेका देखिन्छन्। गएको भन्सार मूल्याङ्कन गोष्ठीमा पनि उनको धेरै आलोचना भयो। गत वर्ष नै निर्माण पूरा गरिसक्नु पर्ने पश्चिमतर्फको भन्सार यार्ड विस्तारको रकम त्यसै खेर गयो - टेण्डरको सामान्य प्रकृया पनि थालनी गरिएन। हेर्दाहेर्दै प्रभावकारीरूपमा सञ्चालन भईरहेको कार्यालय कमजोर कार्यसम्पादनको उदाहरणमा परिणत भयो।

यस्तो अवस्थामा हिजोमात्र अर्थ मन्त्रालयले नेपालगञ्ज भन्सार कार्यालयको प्रमुखमा तपाईंलाई पठाउने भन्ने निर्णय गर्‍यो। मन्त्रायमा पत्र बुझ्न जाँदा सचिवज्यूको कार्यकक्षमा भन्सार विभागका महानिर्देशकको समेत उपस्थितिमा तपाईंलाई नेपालगञ्ज भन्सार कार्यालयमा पठाउनु पर्ने कारणका विषयमा पनि छलफल भयो। उक्त छलफल पछि विभागका महानिर्देशकले सो कार्यालय सुधारको तीनमहिने कार्ययोजना माग गर्नुभएको छ। सचिवज्यूले समेत सो कार्ययोजनाको एक प्रति आफुलाई उपलब्ध गराउनु भन्ने आदेश गर्नुभएको छ।

माथि उल्लेख गरिएका समस्याको पृष्टभूमिमा रहेर निम्न विषयमा आफ्नो सुधार योजना तयार गरी प्रस्तुत गर्नुहोस्। ६+८+६+५=२५

(क) भन्सार मूल्याङ्कन प्रणालीलाई पारदर्शी र अनुमानयोग्य बनाउन के-के कार्य अगाडि बढाउनुहुन्छ ? सो को विस्तृत योजना।

(ख) चोरी पैठारी नियन्त्रणका लागि कुन-कुन निकायसँग के-कस्तो समन्वय र सहकार्य गर्नुपर्ने हो ? सो को स्पष्ट खाका।

(ग) कार्यसम्पादनका सूचकहरूमा गरिनुपर्ने सुधारका लागि आफुले थालनी गर्ने काम र कर्मचारी र भन्सार एजेन्टले परिपालना गर्नुपर्ने मूल्य एवम् मान्यताहरूको कार्यान्वयन योजना।

(घ) माथि क, ख र ग मा प्रस्तुत गरिएका समस्याको अल्पकालीन र दीर्घकालीनरूपमा समाधान गर्न कुन-कुन निकायबाट के-कस्तो सहयोग एवम् समन्वयको अपेक्षा गर्नुभएको छ ? सो को स्पष्ट जिम्मेवारी र कार्ययोजनाको खाका।

««समाप्त»»